का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० जेठ २०८०,
बुधबार
24 May 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ११८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# शंकाको घेरामा अख्तियार प्रमुख

नक्कली भुटानी शरणार्थी प्रकरणमा मुख्य योजनाकारका रुपमा पक्राउ परेका पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईले बयानमा अख्तियार दुरुपयोग अनुसन्धान अयोगका प्रमुख प्रेम कुमार राईको नाम लिएका छन्।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

अख्तियार दुरुपयोग अनुसन्धान अयोगका प्रमुख प्रेम कुमार राई पनि नक्कली भुटानी शरणार्थी प्रकरणको शंकाको घेरामा परेका छन् । कारण - नक्कली भुटानी शरणाथी प्रकरणमा मुख्य योजनाकारका रुपमा पक्राउ परेका पूर्व गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईले अख्तियार दुरुपयोग अनुसन्धान अयोगका प्रमुख प्रेम कुमार राईको नाम लिएका छन् ।

नेपाली नागरिकलाई भुटानी शरणाथी बनाई अमेरिका लैजान भन्दै करोडौं असुलउपर गर्ने गिरोहमा संलग्न रहेको भन्दै उनको नाम लिइएपछि उनी शंकाको घेरामा परेका हुन् ।

इन्द्रजितले बयानका क्रममा अख्तियार प्रमुख राईको नाम लिएका हुन् । सोही प्रकरण संलग्नता भएको आरोपमा तत्कालीन उर्जामन्त्री तथा नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी र उनका छोरा सन्दीपविरुद्ध अनुसन्धान प्रतिवेदन तयार भएर सरकारी वकिलको कार्यालय पुगेको छ ।

गिरोहका नाइके मानिएका केशव दुलाल, सानु भण्डारी र टेक गुरुङलाई १२ चैतमै प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको थियो । केशव दुलाल २०६६ सालमा कांग्रेस नेतृ सुजाता कोइराला उपप्रधान तथा परराष्ट्रमन्त्री बन्दा उनका स्वकीय सचिव थिए ।

उक्त गिरोहले आठ सय भन्दा धेरै नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै करोडौं रकम उठाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । यस प्रकरण अनुसन्धानका क्रममा अन्य सरकारी कर्मचारी र



नेताहरुमाथि समेत अनुसन्धान हुन सक्ने गरी प्रहरीले प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको छ । त्यस आधारमा दोस्रो चरणमा पनि अनुसन्धान भए बयानमा नाम लिएकाहरुसँग प्रहरीले परामर्श लिने वा सोधपुछ गर्न सक्छ ।

आफुलाई पनि नक्कली भुटानी प्रकरणमा जोड्ने गरी बयान दिइएपछि अख्तियार प्रमुख राईले यसअघि नै कानुन व्यावसायीहरुसँग समेत परामर्श लिएको बताइन्छ । कतिपयले निरन्तर प्रश्न उठाउन थालेपछि राई पनि निरन्तर कानुनी परामर्शमा जुटेका छन् ।

राई २०७४ चैत २६ गतेदेखि २०७६ माघ २० गतेसम्म गृह मन्त्रालयका सचिव थिए । नेपाली नागरिकलाई सोही बेलादेखि नक्कली भुटानी शरणार्थी बनाउन थालिएको विषय चर्चामा आएपछि राई फस्किएका हुन् । सोही कारण उनले कानुन व्यवसायीसँग परामर्श लिन थालेको स्रोतको दाबी छ ।

उनका समकालीन उच्च सरकारी अधिकारीहरूका अनुसार राई आफैँमा पनि विवादित पृष्ठभूमिका हुन् । उनी अख्तियार प्रमुख हुनुअगाडि अख्तियारले नेपाल आयल निगमको पेट्रोलियम भण्डारणका निम्ति जग्गा किन्दा भएको घोटाला प्रकरणको फाइल बन्द गरेको थियो ।

राई तत्कालीन प्रधानमन्त्री केपी ओलीका विश्वासपात्र मानिन्थे । अख्तियारको प्रमुखमा राईको नियुक्ति हुने निधो भएपछि अघिल्ला प्रमुख आयुक्त नवीन घिमिरेले घोटालाका फाइल बन्द गर्ने निर्णय गराएको आरोप समेत लाग्ने गरेको छ ।

०७२ वैशाखको भूकम्पलगत्तै भारतले गरेको नाकाबन्दीका कारण देशभर रहेको >>> पृष्ठ २ मा

■ केशव दुलालको बयान

## ‘केपी ओलीका प्रमुख स्वकीय सचिवलाई एक करोड दिएँ’

नक्कली शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका केशव दुलालको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका प्रमुख स्वकीय सचिवलाई प्रधानमन्त्री निवास बालुवाटारमै पुगेर १ करोड दिएको बयान दिएका छन् ।

स्रोतले मध्यान्हलाई उपलब्ध गराएको आरोपीहरुको बयानमा दुलालले भनेका छन्, ‘तत्कालिन गृहसचिव प्रेमकुमार राईले डा.इन्द्रजित राईमार्फत गृह मन्त्रालयको सचिवको कार्यकक्षमा बोलाई मिति २०७६ साल असार महिनामा ३ करोड नगदै बुझी लिएको, तत्कालिन प्रधानमन्त्री केपी ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्यले प्रधानमन्त्री क्वार्टर बालुवाटारमा ऊर्जामन्त्री टोपबहादुर रायमाझीका प्रमुख स्वकीय सचिव लिला जिसीमार्फत मलाई बोलाई २०७६ साल असोजमा १ करोड नगदै बुझी लिएको ।’

नेपाली नागरिकलाई नक्कली भुटानी शरणाथी बनाई अमेरिका पठाएर ठगी गरेको प्रकरणमा पक्राउ परेका दुलालले जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी अधिकारीसँगको बयानमा >>> पृष्ठ २ मा

## इन्द्रजित, सानु भण्डारी र दुलालबीच लेनदेन विवाद

नक्कली शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने प्रयास गर्दा लेनदेन विवादमा गृह मन्त्रालयभित्रै झगडा परेको बयान पूर्वउपप्रधानमन्त्री एवं एमाले सांसद टोपबहादुर रायमाझीले दिएका छन् ।

प्रकरणमा संलग्नहरुबीचको लेनदेनका क्रममा गृह मन्त्रालयभित्रै विवाद भएको दाबी गरेको बयान सरकारी वकिलको कार्यालय पुगेको छ ।

‘कामविशेषले गृह मन्त्रालय गएको बखत स्वकीय सचिवको कार्यालयमा बसिरहेको अवस्थामा इन्द्रजित राईको कार्यकक्षमा छलफल हुँदा ठूलो स्वरमा आवाज आएको हुँदा म पनि कार्यकक्षमा छिरेँ, १६ पुस २०७७ को घटना भन्दै उनले भनेका छन्, ‘त्यहाँ जाँदा इन्द्रजित राई, सानु भण्डारी र केशवप्रसाद दुलालबीच लेनदेन सम्बन्धी विवाद भएको सुनेको हुँ ।’

उनले केवल पौने घण्टामा घुमेर आउन सकिन्छ भनेकाले आफू केशव दुलाल र सानु भण्डारीसँग हेलिकप्टरमा गोसाईंकुण्ड घुम्न गएको उल्लेख गरेका छन् ।

## १६ जनालाई थप २ दिन हिरासतमा राख्न अनुमति

जिल्ला अदालत काठमाडौंले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १६ जनालाई थप दुई दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार म्याद थपका लागि अदालतमा पेश गरिएकोमा अदालतले थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको हो ।

थपिएको दुई दिनको म्यादभित्रमा अब जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नुपर्छ। शरणाथी प्रकरणमा प्रहरीले पूर्वमन्त्री र बहालवाला सचिवसहित १६ जनालाई पक्राउ गरेको छ।

उक्त घटनामा पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, निलम्बित सचिव पूर्व गृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार इन्द्रजीत राईलाई विभिन्न मितिमा पक्राउ गरी हिरासतमा राखेको छ। पक्राउ पर्नेमा भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, नेपाल हज समितिका अध्यक्ष शमशेर मियाँ, पूर्वसभासद आङटावा शेर्पा, तत्कालीन गृहमन्त्री खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुर रायमाझीका छोरा सन्दीपसहित केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, सागर राई, टंक गुरुङ, गोविन्द चौधरी र रामशरण >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## गन्तव्य मुलुकमा देखिएको मन्दीले व्यवसायीमाथि दबाब वढाउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ

नेपाली कामदार वैदेशिक रोजगारमा जाने मुलुकहरुमा आर्थिक गतिविधि सुस्त देखिएपछि वैदेशिक रोजगार व्यवसायीमाथि आफूले पठाएका कामदार व्यवस्थापन गर्ने दबाब बढ्न थालेको छ। नेपाली कामदारका प्रमुख गन्तव्य मुलुक मलेसिया, कतार र साउदी अरेबियामा आर्थिक गतिविधि सुस्त हुँदा ओभरटाइमको अपेक्षा राख्ने नेपाली कामदारहरूले नियमित ८ घण्टाको काम पनि नपाउने अवस्था देखिएको व्यवसायीहरू बताउँछन् ।

यूएईमा बाइक राइडरमा गएका कामदारले लाइसेन्स बनाउन नसक्ने र लाइसेन्स बनाउन सक्नेहरूले पनि जीपीएस सिष्टमबाट तोकिएको समयमा डेलिभरी दिन नसक्दा काम छाडेर फर्किनेको संख्या बढेको छ । बाइक राइडर र ड्राइभरको काममा कामदार पठाएका म्यानपावर व्यवसायी कतिबेला कामदार फर्काउन पर्ने हो भन्ने तनावमा देखिन्छन् ।

वैदेशिक रोजगार व्यवसायी तथा वैदेशिक रोजगारीमा जाने कामदारहरुको समस्या सहजीकरण गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघद्वारा गठित समितिका संयोजक कर्ण कटुवाल विभिन्न बहानामा स्वदेश फर्किने र वैदेशिक रोजगारको प्रक्रियामा शुरूवातदेखि भएको सबै खर्च व्यवसायीबाट असुली गराउन अस्वभाविकरूपमा दबाब दिने प्रवृत्ति बढेको बताउँछन् ।

विदेशमा कामदारले नेपालमा भनेअनुसारको ओभरटाइमको काम नपाएपछि वैदेशिक रोजगारमा जाने कामदार र शुरूमा सम्पर्कमा रहने ऐजेन्टबीच झगडा हुने र उक्त झगडालाई तह-तह हुँदै विभाग ल्याएर अन्तिममा म्यानपावर कम्पनीलाई समस्यामा पार्ने गरिएको संयोजक कटुवालले बताए ।

संघ कार्यसमितिले वैदेशिक रोजगार विभागमा आउने समस्याको समाधानका लागि गत माघ २८ गते संघका सचिव कटुवालको संयोजकत्वमा वैदेशिक रोजगार विभाग बुद्धनगर समन्वय समिति गठन गरेको थियो । समिति संयोजक कटुवालले वैशाख मसान्तसम्म संघको मेलमिलाप समितिमा १ सय २३ >>> पृष्ठ २ मा

### नयाँ म्यानपावर दर्ता रोकिएको छैन : विभाग

**काठमाडौं–** वैदेशिक रोजगार विभागले नयाँ म्यानपावर कम्पनीको इजाजतपत्र स्थगन नगरिएको बताएको छ । मध्यान्ह दैनिकको मंगलबारको अंकमा ‘विभागद्वारा नयाँ म्यानपावर दर्ता प्रक्रिया स्थगन’ शीर्षकमा समाचार सार्वजनिक भएको थियो । उक्त समाचारप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको भन्दै विभागका अधिकृत प्रदीपकुमार ढकालले विज्ञप्ति जारी गरी भ्रममा नपर्न आग्रह गरेका छन् ।

विभागका निर्देशक एवं सूचना अधिकारी गुरूदत्त सुवेदीलाई उद्धृत गर्दै सार्वजनिक मध्यान्ह दैनिकको उक्त समाचारमा वैदेशिक रोजगार ऐन र नियमावलीमा म्यानपावर इजाजतपत्र नवीकरण गर्न अनिवार्यरूपमा वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन श्रम स्वीकृति लिएको हुनुपर्ने व्यवस्था भएको अवस्थामा जेठको पहिलो हप्ता लाइसेन्स लिने व्यवसायीले असार मसान्तसम्ममा सय जना कामदार पठाउने सम्भावना नदेखिएकाले नयाँ लाइसेन्स रोकिएको उल्लेख थियो ।

## संसदमा कर्मकाण्डी छलफल

संघीय संसद सचिवालयका अनुसार ५९ सदस्यीय राष्ट्रिय सभामा सरकारको नीति तथा कार्यक्रममाथि ४४ जना सांसदले बोले । २७५ सदस्यीय प्रतिनिधि सभामा मंगलबारसम्म १३२ जनाले धारणा राखे ।



कर्मकाण्डमा सामेल भएका छैनौं भन्ने सबैलाई लागेको छ । फुलस्टप र कमा पनि सरकारले नचाहेसम्म परिवर्तन नहुने हो कि भन्ने छ ।

■ **डा. स्वर्णिम वाग्ले**
**सांसद, रास्वपा**



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

राष्ट्रिय सभाबाट सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित भएको छ। जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। जसलाई राष्ट्रिय सभाको मंगलबारको बैठकले बहुमतले पारित गरेको हो। प्रतिनिधिसभामा भने नीति तथा कार्यक्रममाथि छलफल जारी छ।

संघीय संसद सचिवालयका अनुसार ५९ सदस्यीय राष्ट्रिय सभामा सरकारको नीति तथा कार्यक्रममाथि ४४ जना सांसदले बोले। २७५ सदस्यीय प्रतिनिधिसभामा मंगलबारसम्म १३२ जना सांसदले नीति तथा कार्यक्रममाथि बोले।

नीति तथा कार्यक्रममाथिको छलफल कस्तो रह्यो त ? राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको जवाफ छ, - सरकारको नीति तथा कार्यक्रममाथि संघीय संसद्मा हुने छलफल कर्मकाण्डी जस्तो भयो।'

स्पिकर फोरम र एमसिडिएफको संयुक्त आयोजनामा बुधबार राजधानीमा आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन्। उनले भनेका छन्, ‘संसदमा नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल जारी छ, यस क्रममा कतिपय समेट्नुपर्ने सुझाव पनि आएका हुन्छन् तर त्यसमा केही हुँदैन, छलफल मात्र हुन्छ।' >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० जेठ २०८०, बुधबार
24 May 2023, Wednesday

# सरकारले विश्व बैंकबाट १५ अर्ब ८० करोड ऋण लिने



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ

सरकारले विश्व बैंकबाट १५ अर्ब ८० करोड रुपैयाँ ऋण लिने भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विश्व बैंकबाट १२ करोड अमेरिकी डलर (१५ अर्ब ८० करोड रुपैयाँ) अमेरिकी डलर ऋण सहयता स्वीकार गर्ने निर्णय गरेको हो। सरकारले उक्त ऋण विद्यालय क्षेत्र रूपान्तरण कार्यक्रमका लागि लिन लागेको हो।

यसैगरी अर्थले पेस गरेको भन्सार महसुल विधेयकका लागि सैद्धान्तिक स्वीकृति गर्ने, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति गठन तेस्रो संशोधन आदेश २०८० स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको सरकारका प्रवक्ता रेखा शर्माले जानकारी दिइन्।

यसैबीच सरकारले 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' प्रमाणीकरण भएको मितिलाई आधारमानी अबदेखि हरेक असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउने भएको छ । मन्त्रिपरिषद्को मंगलबारको बैठकले सो निर्णय गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले संविधानको मौलिक हकको मर्मअनुसार आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा दिलाउनु राज्यको दायित्व भएको सन्दर्भमा त्यससम्बन्धी विधेयक प्रमाणीकरण भएको मितिमा राष्ट्रिय शिक्षा दिवस मनाउन उपयुक्त हुने प्रस्ताव मन्त्रिपरिषद्मा पठाइएको बताए ।

संघीयय संसद्को दुवै सदनबाट पारित सो विधेयक तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७५ असोज २ गते प्रमाणीकरण गरेकी थिइन् । विसं २०३१ देखि 'शिक्षाको उज्यालो घामबाट कोही पनि वञ्चित हुन नपरोस्' भन्ने आदर्श वाक्यका साथ शुरु भएको राष्ट्रिय शिक्षा दिवस गणतन्त्र स्थापनापछि हरेक अन्तर्राष्ट्रिय साक्षरता दिवस (सेप्टेम्बर ८) कै दिन मनाउन थालिएकामा २०७६ सालदेखि दुई दिवसलाई अलगअलगरुपमा मनाउने निर्णय भए पनि राष्ट्रिय दिवसको मिति निर्धारण हुन सकेको थिएन ।

राष्ट्रिय दिवसको नयाँ मिति निर्धारणको निर्णय मन्त्रिपरिषद्बाट प्राप्त भएपछि विभिन्न विश्वविद्यालयबाट विद्यावारिधी उपाधि प्राप्त गर्ने र स्नाताकोत्तर, स्नातक तहमा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार, राष्ट्रिय र प्रादेशिकरुपमा उत्कृष्ट विद्यालयलाई शिल्ड, ध्वजा र नगद पुरस्कार तथा शिक्षासेवी पुरस्कार दिनेलगायत कार्यक्रमको तयारीमा मन्त्रालय लाग्ने प्रवक्ता शर्माले बताए ।

# मधेश प्रदेशमा जिम्मेवारी हेरफेरसहित मन्त्रिपरिषद् पुनर्गठन



**जनकपुरधाम/मस–** मधेश प्रदेश सरकारमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) सहभागी भएपछि मन्त्रिहरुको जिम्मेवारी हेरफेरसहित मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ ।

मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख हरिशंकर मिश्रले मन्त्रीहरुको जिम्मेवारी हेरफेरसहित मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन्। पुनर्गठित मन्त्रिपरिषद्मा मुख्यमन्त्री यादवलाई गृह, सञ्चार तथा कानून, वन तथा वातावरण र श्रम तथा यातायात मन्त्रीको समेत जिम्मेवारी दिइएको छ ।

त्यसैगरी कृष्णप्रसाद यादव भौतिक पूर्वाधार विकास मन्त्रालय, सञ्जयकुमार यादव अर्थ मन्त्रालय, महेशप्रसाद यादव शिक्षा तथा समाज कल्याण मन्त्रालय, गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बसन्तकुमार कुसवाहा मन्त्री विनाविभागीय, सुरिताकुमारी साह मन्त्री विनाविभागीय, वीरेन्द्रप्रसाद सिंह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंगासन सा कलवार ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, सुनिता यादवलाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

त्यस्तै शेख अबुल कलाम आजाद र सञ्जयकुमार यादवलाई विनाविभागीय राज्यमन्त्रीका रुपमा र रहबर अन्सारीलाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा राज्यमन्त्रीको जिम्मेवारी दिइएको प्रदेश प्रमुखको कार्यालयबाट जारी विज्ञप्तिमा जनाइएको छ ।

यसैबीच मुख्यमन्त्री सरोजकुमार यादवले केन्द्रीय सत्ता गठबन्धनका सबै दलहरुसँग छलफल जारी रहेकाले नमिलेका कुराहरु मिलाएर एक हप्ताभित्र सरकारले पूर्णता पाउने बताए ।

शपथग्रहणपछि सञ्चारकर्मीसँग मुख्यमन्त्री यादवले सत्ता गठबन्धनका शीर्ष नेताबीचको सहमतिअनुसार हाल कांग्रेस र एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराइएको, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र विनाविभागीय मन्त्रीहरुको जिम्मेवारीका विषयमा सबै दलसँगको छलफलपछि टुंगोमा पुगिने जानकारी दिए ।

# अलंकार–पदकबाट नेपाली सेनाका अधिकृत विभूषित



**काठमाडौं/मस–** असोज ३ गते संविधान दिवसको अवसरमा घोषणा भएको विभूषण (अलंकार/पदक) बाट मंगलबार सम्बन्धित अधिकृत, पदिक तथा अन्यदर्जा विभूषित भएका छन् ।

जंगी अड्डामा आयोजित कार्यक्रममा प्रधान सेनापति प्रभुराम शर्माले संविधान दिवस २०७९ मा घोषित अलङ्कार र पदक प्राप्त गर्नेमध्ये अधिकृत २१, पदिक ६ र अन्यदर्जा १२ गरी जम्मा ३९ जनालाई अलङ्कार र पदकद्वारा सुशोभन गरेका हुन् ।

कार्यक्रममा बलाधिकृत रथी सरोज प्रताप राणा, बलाध्यक्ष रथी सिताराम खड्का लगायत रथीवृन्द तथा अधिकृतहरुको उपस्थिति रहेको थियो । गत असोज ३ गते संविधान दिवसको अवसरमा नेपाली सेनाका २७ जनाले विभिन्न मानपदवी, २७ जनाले अलङ्कार र २९ जनाले पदक प्राप्त गरेका थिए । मानपदवी प्राप्त गर्ने सकलदर्जा गत वैशाख १ गते राष्ट्रपति भवनमा आयोजित सुशोभन समारोहमा राष्ट्रपतिबाट विभूषित भइसकेका छन् ।

# उपत्यकामा 'सम्पदा यात्रा बस सेवा' सञ्चालन

**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा 'सम्पदा यात्रा बस सेवा' सञ्चालनमा आएको छ ।

काठमाडौं उपत्यकाका सम्पदाको दृश्यावलोकन गराउने उद्देश्यसहित मंगलबारदेखि सम्पदा यात्रा बस सेवा 'हप अन, हप अफ' सञ्चालनमा आएको हो ।

ललितपुरको पुलचोकमा मंगलबार आयोजित एक कार्यक्रमबीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सम्पदा यात्रा बस सेवाको शुभारम्भ गरेका हुन् ।

बस सेवाको शुभारम्भ गर्दै मन्त्री किरातीले भाडा निर्धारण गर्ने काम सम्पन्न नभएका कारण एक हप्ताका लागि सेवा निःशुल्करुपमा सञ्चालन गरिने बताए ।

मन्त्री किरातीले लामो समयदेखि सम्पदा यात्रा बस सेवा सञ्चालन गर्ने भनिए पनि भाडा समायोजनको अझै नसकिएको बताए। उनले सम्पदा यात्रा बस सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता र चेतना अगाडि गए पनि ऐन र कानून धेरै पछि रहेको उल्लेख गरे ।

बस भाडा समायोजन प्रदेश सरकारले गर्ने प्रावधान भए पनि सम्पदा यात्रा बस सेवा सञ्चालनको लागि भाडा निर्धारण गर्न प्रदेशसँग ऐन कानुन नभएका कारण अप्ठ्यारो परेको उनको भनाइ थियो । मन्त्री किरातीले उपत्यकाको पर्यटन प्रवर्द्धनको लागि एउटा सानो प्रयास मात्रै भएको भन्दै यसको परीक्षणपश्चात् सेवा विस्तार गरिने उल्लेख गरे । पर्यटनमन्त्री किरातीले सम्पदा बस यात्रामा पुल्चोकदेखि नारायणहिटी दरबार संग्रहालयसम्म यात्रा समेत गरे ।

कार्यक्रममा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले प्रदुषणमुक्त सहर बनाउने प्रयासअन्तर्गत ललितपुर महानगरले आगामी दिनमा कुनै पनि गाडी खरिद गर्दा विद्युतीय मात्रै हुने घोषणा गरेको जानकारी दिए।

उनले गाडी खरिद गर्दा विद्युतीय मात्रै हुने महानगरको घोषणाबमोजिम आफूले चढ्ने गाडी पनि विद्युतीय नै भएको बताए । नगरप्रमुख महर्जनले ललितपुर महानगरको भित्री सहरमा विद्युतीय सटल बस चलाउनका लागि साझा यातायातलाई महानगरले रु नौ करोड उपलब्ध गराएको बताए । सम्पदा घुम्ती बसको यातायात रुटमा दैनिक दुई वटा विद्युतीय बस सञ्चालन हुने भएको छ। त्यस्तै, बस सेवा तत्कालका लागि बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म चल्नेछ । परीक्षणका रुपमा सञ्चालनमा ल्याइएको बस सेवामार्फत पाटन दरबार स्क्वायर, काठमाडौं दरबार स्क्वायर, नारायणहिटी दरबार संग्रहालय, पशुपतिनाथ मन्दिर, बौद्धनाथ र स्वयम्भूसम्म प्रारम्भिक चरणमा घुम्ती सेवा सञ्चालन हुनेछ ।

## शंकाको...

पेट्रोलियम भण्डारण क्षमताले एक सातासम्म पनि नथेगेपछि आयल निगमले सातवटा प्रदेशमा जग्गा खरिदको योजना बनाएको थियो । योजनालाई आर्थिक वर्ष ०७३/७४ को बजेटमार्फत सरकारले समेत सम्बोधन गरेको थियो। जग्गा प्राप्ति ऐनअनुसार खरिद गर्नुपर्नेमा टेन्डरमार्फत सूचना निकालेर खरिद गर्दा घोटाला भएको बताइन्छ ।

यो विषयमा संघीय संसद्को उद्योग वाणिज्य तथा उपभोक्ता हितसम्बन्धी समितिले पनि अध्ययन गरेको थियो । आयल निगमको जग्गा खरिदमा चार गुणाभन्दा बढी मूल्य तिरेको ठहर गरेको थियो । त्यसअनुसार १ अर्ब ९५ करोडमा किनिएको जग्गामा १ अर्ब ४६ करोडभन्दा बढी रकम देखाएर अनियमितता गरेको समितिको ठहर थियो ।

## केशव...

बज्राचार्यलाई बालुवाटारमै गई १ करोड रुपैयाँ बुझाएको बयान दिएका हुन् ।

तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलले भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिन्छु भनी छोरा प्रतीक थापामार्फत मन्त्री क्वाटर पुल्चोकमा बोलाई रामबहादुर थापा बादलले राष्ट्रिय सभाको चुनाव हुनुभन्दा अगाडि ३ करोड नगदै बुझी लिएको बयान पनि दुलालले दिएका छन्। प्रतीक थापाले नक्साल निलगिरी थकाली भान्साघरको आँगनको उत्तरतर्फ रहेको होटलको माथिल्लो तलामा बोलाई मिति २०७६ साल असारमा १ करोड बुझी लिएको बयान दिएका हुन् ।

तत्कालिन ऊर्जामन्त्री टोपबहादुर रायमाझीका प्रमुख स्वकीय सचिव लिला जिसीले पनि प्रधानन्त्रीकोमा पैसा पुगिसक्यो, सामाजिक विकास समितिबाट भुटानी शरणाथीको विषय निर्णय गर्नुपर्ने रहेछ उर्जामन्त्रीज्यू र मलाई पनि रकम चाहियो भनी उर्जामन्त्रीको क्वार्टर पुल्चोकमा बोलाई सामाजिक विकास समितिबाट निर्णय भएको अघिल्लो दिन बेलुका एक करोड नगदै बुझीलिएको बयान दिएका छन् ।

## १६ जनालाई...

केसी छन् । पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक, इन्द्रजित राईका छोरा नीरजसहित १७ जना फरार रहेको भन्दै ३३ जनाविरुद्ध ठगी, संगठित अपराध र राज्यविरूद्धको अपराधमा मुद्दा चलाउनु पर्ने रायसहित सोमबार प्रहरीले आफ्नो प्रतिवेदन सरकारी वकिललाई बुझाइसकेको छ । उक्त घटनामा एक सय १३ जनाले साढे २७ करोड ठगी भएको भनी २२ वटा जाहेरी प्रहरीमा दर्ता गरेका थिए ।

## गन्तव्य...

निवेदन आएकोमा ७७ वटा मिलापत्र गराएको, ३३ वटा निवेदन सम्बन्धित म्यानपावर कम्पनीको कार्यालयमा पठाइ समस्या समाधान गरेको र प्रयास गर्दा पनि समाधान हुन नसकेका १३ वटा निवेदन कानूनी प्रक्रियाका लागि विभाग पठाएको बताए । समितिका अर्का सदस्य बिक्रम श्रेष्ठले वैदेशिक रोजगार प्रक्रियामा कुनै भूमिका नरहेका बिचौलियाले अनुचितरूपमा रकम लिने तर कामदार समस्यामा परे उद्धार गर्नुपरे वा व्यवस्थापन गर्नुपरेको अवस्थामा व्यवसायीले आर्थिक दायित्व व्यहोर्नुपर्ने अवस्था देखिएकाले व्यवसायी गम्भीर सचेत हुन नसके समस्यामा पर्ने अवस्था रहेको अनुभव सुनाए ।

विभागमा प्रत्येक दिन दिउँसो दुई बजेदेखि ५ बजेसम्म समितिका कम्तीमा ३ जना सदस्यले पीडित कामदार र म्यानपावर कम्पनी सञ्चालका बीचमा छलफल चलाउने गरेको छ । समितिले विभागमा म्यानपावर कम्पनीविरूद्ध परेका उद्धार, राहत, फिर्ता तथा क्षतिपूर्तिका उजुरीमाथि औपचारिक तथा अनौपचारिकरूपमा छलफल गरेर सहमति गराएर उजुरी फर्छौटका लागि प्रयास गर्दा पीडित कामदार र पठाउने व्यवसायी दुवैलाई सहज भएको समितिका अर्का सदस्य देउमान नेम्वाङले बताए ।

व्यक्तिगत कारणले विदेशबाट फर्केका वा म्यानपावर कम्पनीबाट फर्काइएकामध्ये अधिकांश कामदार स्वदेश फर्केपछि आफू पीडित भएको भन्दै क्षतिपूर्तिको माग गर्दै विभागमा उजुरी दिने गरेको र विभागले सामान्य छानबिनबिना नै उजुरी दर्ता गरी व्यवसायीलाई विभाग आउन हतार-हतार पत्र पठाउने गरेका कारण उजुरी बढेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो थियो ।

समितिले छलफल चलाउन शुरू गरेपछि उजुरी पर्नासाथ हतार-हतार पत्र पठाउने विभागको शैलीमा पनि परिमार्जन देखिएको बताइएको छ ।

## संसदमा...

उनले बजेटमा पनि त्यस्तै हुने र बजेट पेश भइसकेपछि त्यसमा घटबढ गर्नुपर्ने कुरा सुझावका रुपमा आए पनि त्यसमाथि केही नहुने गरेको हामीलाई थाहा नै छ भने । अध्यक्ष तिमिल्सिनाले सरकारको नीति तथा कार्यक्रम एवं बजेटका नाममा हुने छलफललाई औचित्यपूर्ण बनाउनुपर्नेमा जोड दिए ।

संसदमा नीति तथा कार्यक्रममाथिको छलफलमै पनि यस्तो विषय उठ्ने गरेको छ । मंगलबार प्रतिनिधिसभाको बैठकमा नीति तथा कार्यक्रममाथि बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. स्वर्णिम वाग्लेले सरकारको नीति तथा कार्यक्रम परम्पराको निरन्तरता भएको बताएका छन

१० वर्षभन्दा बढी समयदेखि यस्तै नीति तथा कार्यक्रम आइरहेको भन्दै यो कार्यक्रममा धेरै आलोचनात्मक भइरहनु आवश्यक नभएको उनले बताए । कमा र फुलिस्टम समेत नफेरिने भएका कारण आलोचनात्मक हुनुको अर्थ नरहेको उनको भनाइ छ । 'यो परम्परा धान्न ल्याइएको दस्तावेज हो र परम्परा धानिएको छ।१० वर्षदेखि त राज्य प्रणालीमा परोक्ष अप्रत्यक्ष हिसाबले म आफैं पनि संलग्न भएको हिसाबले नीति तथा कार्यक्रम यस्तै यस्तै हो' उनले भने र उनले नीति तथा कार्यक्रममा नवीनता, ऊर्जा, प्रेरणा, महत्वाकांक्षा इत्यादिको कसीमा हामी अझ राम्रो गर्न सक्ने अस्था भएको बताए ।

नीति तथा कार्यक्रमलाई सत्तापक्ष र प्रतिपक्षबीच भएको वादविवादमा पनि उनले असहमति जनाए । उनले भने, 'सत्तापक्षले गजबको भिजन बोकेको भनेको छ र अर्को पक्षले अल्छी विद्याथीले हतारमा लेखेको शब्दको थुप्रोजस्तो भनेको छ । तर, आफूहरु यो दुबै पक्षमा असहमत छैनौं ।'

डा.वाग्लेले नीति तथा कार्यक्रम कर्मकाण्डी मात्र हुने त होइन भन्ने शंका सबैको मनमा रहेको बताउँदै रास्वपा रचनात्मक प्रतिपक्षी भएकाले त्यसको विरोध मात्र नगर्ने बताए। 'कर्मकाण्डमा सामेल भएका छैनौं भन्ने सबैलाई लागेको छ। फुलस्पट, कमा पनि सरकारले नचाहेसम्म परिवर्तन नहुने हो कि भन्ने छ । राष्ट्रिय स्वतन्त्र पाटी रचनात्मक प्रतिपक्षको भूमिकामा उभिएको छ' उनले भने ।

सत्ता पक्षले नचाहेसम्म नीति तथा कार्यक्रम र बजेटमा परिमार्जन नहुने भन्दै उनले हालको प्रचलनमा क्रमभंगता गर्न जरुरी भने रहेको बताए । वाग्लेले बजेट अधिवेशन नीति तथा कार्यक्रमबाट सुरु गर्न र बजेटको सिद्धान्त र प्राथमिकतालाई बजेट वक्तव्यमै समावेश गर्न सरकारलाई सुझाव दिए ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१०/२४ मा दर्ता भएको **प्रा.लि. नं. १६३२०७/०७३/०७४** को **एच. आइ. एफ. रिन्युवल इनर्जी प्रा.लि.** को मिति २०८०/०२/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



**UAE मा वैदेशिक रोजगारको अवसर**

**१. कम्पनी : SIMPANI SECURITY SERVICES LLC.** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०१/२४ चलानी नं.: ६०२०१०३८ L.T. No.: 285603 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : POWER FORCE SECURITY SERVICES L.L.C** शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/१८ चलानी नं.: ६०१८२३२४ L.T. No.: 266354 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 26 | 0 | स. काममा दक्ष | 1200 | ४३,२१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी : TAJ AL MADINA BUILDING MAINTENANCE L.L.C** शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/१२/२० चलानी नं.: ६०२००४१४ L.T. No.: 283922 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 48 | 0 | स. काममा दक्ष | 900 | ३२,४०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196



**कतारमा रोजगार**
कम्पनी: **HILL TOURIST TRADING AND CONTRACTING**
शहर: **QATAR, DOHA**
पुर्व स्वीकृत मिति: २०७९/११/१२ चलानी नं.: ६०१९७१७० L.T. No.: 281696 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६८,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 4 | 0 | | 3000 | १०८,९०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np



**कमल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तोपगाछी, झापा
कोशी प्रदेश, नेपाल

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

# कामीरिताको नयाँ किर्तिमान

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ

पर्वतारोही कामीरिता शेर्पाले सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम गरेका छन् । मंगलबार बिहान ९:२३ बजे सगरमाथाको चुचुरोमा पुगेसँगै उनले २८औँ पटक सगरमाथाको सफल आरोहण गरेका हुन् । योसँगै उनले यसअघिको सबैभन्दा बढी पटक सगरमाथा आरोहण गर्ने आफ्नै कीर्तिमान तोडेका छन् ।

यो वर्षको वसन्त ऋतुमा उनको यो दोस्रो पटकको आरोहण हो । यसअघि जारी सिजनमा यही मे १७ मा उनले २७ औँ पटक सगरमाथा आरोहण गरेका थिए ।

कामीरिताले सन् २०२२ को वसन्त आरोहणमा रोप फिक्सिङका क्रममा २६औँ पटक सगरमाथाको आरोहण गरेका थिए । खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको थामेका ५३ वर्षीय कामिरिताले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणसँगै आठ पटक चोयु, तीन पटक मनास्लु, एक पटक ल्होत्से, केटु आरोहण एक गरी ४० पटक विश्वका अग्ला हिमालको आरोहण गरिसकेका छन् ।

सन् १९९४ मे १३ मा पहिलो पटक सगरमाथाको चुचुरोमा पुगेका कामीरिताको नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । यही याममा पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बताएका छन् ।

सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीले पाएको थियो । वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार ४४ आरोही समूहका चार सय ७८ आरोहीले आरोहण अनुमति लिएका हुन् । सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको संख्या हो ।



### आरोही बुढालाई स्वागत

घुँडासम्म दुवै खुट्टा गुमाएका सगरमाथा आरोही हरिबहादुर बुढालाई मंगलबार त्रिभुवन विमानस्थलमा स्वागत गरिएको छ ।

लुक्लाबाट काठमाडौं आइगेका आरोही बुढालाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराती, पर्यटन व्यवसायीका साथै मगर समुदायले झाँकीसहित स्वागत गरेको हो ।

भूतपूर्व गोर्खा सैनिक समेत रहेका बुढा यही जेठ ५ गते दिउँसो सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगेका थिए । योसँगै उनले घुँडामाथिसम्म खुट्टा गुमाएर सगरमाथा आरोहण गर्ने पहिलो आरोही समेत बनेका छन् । उनले कृत्रिम खुट्टाको सहायतामा सगरमाथाको सफल आरोहण गरेका हुन् । स्वागत गर्दै पर्यटन मन्त्री किरातीले आरोही हरिबहादुर बुढाले आफ्नो जीवनमा अदम्य साहस पटक-पटक देखाएको भन्दै बधाइ दिए ।

सो अवसरमा आरोही बुढाले आफ्नो सफलतामा सहयोग गर्ने टीमलाई विशेष धन्यवाद दिए ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले कृत्रिम खुट्टाको सहायताले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका हरि बुढामगरलाई बधाई दिएका छन् । राष्ट्रपति पौडेलको बधाई सन्देश राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेल र राष्ट्रपतिका सुपुत्री अवज्ञा पौडेलले सोमबार आयोजित कार्यक्रममा बुढामगरलाई हस्तान्तरण गरे ।

ब्रिटिस गोर्खा सेनामा कार्यरत रहँदा युद्ध मैदानमा दुवै खुट्टा गुमाएपछि पनि कृत्रिम खुट्टाको सहायताले सगरमाथा आरोहणमा बुढामगरले राखेको विश्व किर्तिमान लगन, साहस र गौरवको प्रतीकका रुपमा सबैका लागि सदैव प्रेरणाको विषय हुनेछ भन्ने आफूलाई विश्वास लागेको राष्ट्रपति पौडेलले बधाई सन्देशमा उल्लेख गरेका छन् ।

यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृत्रिम खुट्टाको सहायताले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका हरि बुढामगरलाई बधाई दिएका छन् । सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालयमा भेटेर प्रधानमन्त्री प्रचण्डले कीर्तिमानी सगरमाथा आरोही बुढालाई बधाइ दिएका हुन् ।

## मनसुनजन्य दुर्घटना न्यूनीकरणमा ध्यान दिन आग्रह

**काठमाडौं/मस-** यसवर्षको मनसुन शुरु हुन लागेसँगै मनसुनजन्य दुर्घटनाको न्यूनीकरणमा समयमै सरकारको ध्यान जानुपर्नेमा सदनमा आवाज उठेको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकको शून्य समयमा सांसद इन्दिरादेवी गौतमले विपद्जन्य घटना हुनै नदिनेतर्फ सरकारको ध्यानाकर्षण गराइन् ।

उनले भनिन्, 'मनसुन सक्रिय हुन थालेपछि पहाडमा पहिरो र बाढी तथा तराईमा डुबान हुने भएकाले धेरै जनता त्रसित छन् । यसबाट धनजनको ठूलो क्षति हुने भएकाले यसतर्फ सरकारले बेलैमा ध्यान दिनुपर्छ । घटना घटेपछि भन्दा पनि घटना हुनै नदिनेतर्फ सरकारले ध्यान देओस् ।'

सांसद गंगाकुमारी बेल्बासेले पेट्रोलियम पदार्थको मूल्य घटेपनि खाद्य वस्तुको मूल्य नघटेकातर्फ सरकारको ध्यानाकर्षण गराउँदै बजार अनुगमनलाई प्रभावकारी बनाउन माग गरिन् ।

सांसद तारामान स्वाँरले बैतडीको पुर्चौडी र सिगास गाउँपालिकामा नेपाल टेलिकमको मोबाइल सेवा सञ्चालन नहुँदा स्थानीय सञ्चार सुविधाबाट वञ्चित भएका भन्दै त्यसक्षेत्रमा उपयुक्त स्थानमा टेलिफोन टावर निर्माण गर्न सरकारको ध्यानाकर्षण गराए ।

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
1. Documentation - (1Female)
2. Receptionist - (2 Female)
Minimum Education -Bachelor Passed
Computer चलाउन सक्ने, Documentation काम जानेको प्राथमिकता।
Should have 2/3 years experience in related field.
SALARY Negotiable
SEND YOUR CV:
info@goldenach.com
01-5914478
Golden Achivers International Pvt.Ltd.
Basundhara Chauki, Kathmandu.
Email: info@goldenach.com, web:www.goldenach.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६७/१२/०७ मा दर्ता भएको **प्रा.लि.नं. ८१७७८** को **पोल्का डट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, कपिलवस्तुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०२/१० गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय जितपुर, कपिलवस्तुबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०८० जेठ २५ गते बिहीबार**का दिन शाखा कार्यालय जितपुर, कपिलवस्तुमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**
प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार प्रदेश नं. ५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलय कपिलवस्तुमा मिति २०७६/०२/३१ मा प्रा.फ.र.नं. ९०२३/०७६ कायम भई दर्ता रहेको कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं. ५ स्थित रजिष्टर्ड कार्यलय रहेको **मान्ती सप्लायर्स**का प्रोप्राईटर धनीराम थारुको नातीनी, सदाई थारु/दुखनी थारुको छोरी, मोतीलाल थारु/अञ्जली थारुको बुहारी, राम आसारे थारुको पत्नी, कपिलवस्तु जिल्ला, बाणगंगा नगरपालिका वडा नं. ५ (साबिक कोपवा गा.वि.स. वडा नं. २) बस्ने **मान्ती थारुनी** (ना.प्र.नं. १६६४५, जारी मिति २०५४/९/२२, जिल्ला प्रशाशन कार्यलय, कपिलवस्तु) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. धनीराम थारुको नातीनी, सदाई थारु/दुखनी थारुको छोरी, मोतीलाल थारु/अञ्जली थारुको बुहारी, राम आसारे थारुको पत्नी, कपिलवस्तु जिल्ला, बाणगंगा नगरपालिका वडा नं. ५ (साबिक कोपवा गा.वि.स. वडा नं. २) बस्ने **मान्ती थारुनी** (ना.प्र.नं. १६६४५ जारी मिति २०५४/९/२२, जिल्ला प्रशाशन कार्यलय कपिलवस्तु) ।
२. ठागे थारुको नाती, मोतीलाल थारु/अञ्जली थारुको छोरा, मान्ती थारुनीको पती, कपिलवस्तु जिल्ला, बाणगंगा नगरपालिका वडा नं. ५ (साबिक कोपवा गा.वि.स. वडा नं. २) बस्ने **राम आसारे थारु** (ना.प्र.नं. ७/९९५ जारी मिति २०५१/७/०९, जिल्ला प्रशाशन कार्यलय कपिलवस्तु) ।

**लिलाम हुने सम्पतिको विवरण:**
१. **मान्ती थरुनी**को नाममा मालपोत कार्यालय, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ५ (साबिक ते.मा.फे. गा.वि.स. वडा नं. ६/ग स्थित कित्ता नं. ११३७, ११३८ को क्षे.फ. जम्मा ०-१-० (बि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०८० जेठ २४ गते** भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जितपुर, कपिलवस्तुबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ **(सोह्रौं) दिन अर्थात २०८० जेठ २५ गते दिनको** ३:०० **(तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० जेठ २५ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जितपुर, कपिलवस्तु फोन नं. ०७६- ५५०४१८**

**बुढीनन्दा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोल्टी, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बुढीनन्दा नगरपालिकाको जनहितमा जारी सन्देश**

**समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।**

*गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।*

**आगलागी रोकथामका उपाय**

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग नगर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईंलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुर्‍याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्र्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् । घरमा प्रज्वलनशील पदार्थहरु राख्नपरे यसलाई छुट्टै उपयुक्त भाँडोमा राम्रोसँग बिर्को बन्द गरेरमात्र राख्नुहोस्, जहाँ आगोको स्रोत सहजै पुग्न नसकोस् ।
- केटाकेटीले जोखिम आंकलन गर्न सक्दैनन्, उनीहरु खेल्ने क्रममा ठूला मानिसको नक्कल गरेर आगोको प्रयोग गर्न सक्छन् त्यसैले केटाकेटीलाई मात्र घरमा एक्लै नछाड्नुहोस् ।
- कोठाभित्र धुम्रपान नगर्नुहोस् तथा जथाभावी चुरोटका ठूटा नफ्याँक्नुहोस् ।

**अनपेक्षित आगलागीका लागि पूर्व तयारी**

- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा वारुणयन्त्र (दमकल) को नम्बर सेभ गरेर राख्नुहोस् ।
- घरमा रहेका पानीका ट्याङ्की पूर्णरुपमा रित्तो हुन्जेल प्रयोग नगर्नुहोस्, आकस्मिक अवस्थाका लागि केही मात्रामा पानी जोहो गरेर राख्नुहोस् ।
- घरमा फायर ब्ल्याङ्केट (भान्छामा), फायर एक्स्टिनगुसर राख्नुहोस् ।
- कोठामा सिठ्ठी, टर्चलाइट सदैव तयारी अवस्थामा राख्नुहोस् ।
- कोठामा खन्ती, झम्पल, मार्तलजस्ता सामग्री सुरक्षित साथ राख्नुहोस्, जसले आकस्मिक अवस्थामा झ्याल, ढोका फोडेर बाहिर निस्किन सकियोस् ।
- आफू बसेको घर वा कार्यालयमा आकस्मिक अवस्थामा कसरी सुरक्षित साथ बाहिरिन सकिन्छ त्यसको पहिचान तथा आंकलन गर्नुहोस् ।
- वन क्षेत्रमा डढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।

**आगलागी भइहालेमा के गर्ने ?**

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो) ।
- आगोको आकारमा विचार पुर्‍याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । यसले आगोलाई सहजरूपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्निनियन्त्रक बाहेक अरुलाई प्रवेश गर्न नदिनुहोस् । आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राखिदिनुहोस् ।

**सन्तोष कुमार शाह**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० जेठ २०८०, बुधबार
24 May 2023, Wednesday

सम्पादकीय

## बदलिएको सन्दर्भसूची

संघीय संसदमा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथिको छलफल चलिरहेको छ । राष्ट्रियसभाले मंगलबार नीति तथा कार्यक्रम पारित गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सांसदहरूले उठाएको सवालको जवाफ दिएपछि नीति तथा कार्यक्रम पारित भयो । बहुमतबाट पारित हुनुअघि ५९ मध्ये ४४ सांसदले नीति तथा कार्यक्रममाथि भएको छलफलमा भाग लिए । प्रतिनिधिसभामा पनि नीति तथा कार्यक्रममाथि छलफल चलिरहेको छ । २७५ सदस्यीय प्रतिनिधिसभामा मंगलबारसम्म १३२ जनाले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिएका छन् । तर छलफलमा भाग लिएका सांसदहरू मध्ये अधिकांशको रायमा समानता छ । मुलतः संसदमा तीन थरी तर्क आएको छः सत्तारूढ, प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र अरू दलहरू ।

एमालेले आफ्नै पार्टी अध्यक्ष केपी शर्मा ओलीले नीति तथा कार्यक्रममा राखेको तर्कलाई समर्थन गरिरहेका छन् । उनीहरूको रायमा समानता छ, अहिलेको नीति तथा कार्यक्रम पुनर्लेखन गरिनुपर्छ । अध्यक्ष ओलीले अहिलेको नीति तथा कार्यक्रम वास्तविकतामा आधारित नभएको र गन्तव्य समेत प्रष्ट नभएकाले पुनर्लेखनको सुझाव दिएका थिए । एमालेका बाँकी वक्ताले ओलीकै तर्कलाई समर्थन गरिरहेका छन् । सत्तारूढ दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा) लगायतका सांसदहरूले सरकारको बचाउ गरिरहेका छन् । अनि राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत विपक्षी बेञ्चमा रहेका सांसदहरूले स्वतन्त्र तरिकाले आफ्नो मत राखिरहेका छन् । सांसदहरूको रायको मुल प्रवृत्ति भने एमाले अध्यक्ष ओलीको पक्ष र विपक्ष देखिन्छ ।

छलफलको थालनि गर्दै ओलीले नीति तथा कार्यक्रम अस्वीकृत गर्नुपर्ने तर्क राखेकाले त्यसैको पक्ष वा विपक्षमा तर्क भइरहेको छ । जबकी सांसदहरूको चासो सरकारमाथि हुनुपर्ने हो । नीति तथा कार्यक्रम सरकारले ल्याएकाले त्यसमा छुटेका वा अटेका विषयमाथि सांसदहरूको टिप्पणी हुनु प्राकृतिक हुन्थ्यो । तर नीति तथा कार्यक्रम भन्दा पनि सांसदहरूले आफ्नो संसदीय पोजिसन प्रस्ट पार्नेगरी बोलिरहेका छन् । मुलुकको अवस्था र जनताको चाहना भन्दा पनि आफ्ना पार्टी नेतृत्वले लिएको नीति सांसदहरूको सन्दर्भसूची बनेको देखिन्छ । यो भनेको संसदीय मान्यता र जनताको भावना बिपरीतका कार्य हुन् । जसलाई सच्याउनु बुद्धिमतापूर्ण हुनेछ ।

# संशयमा शरणार्थी प्रकरण

*अहिलेको घटनामा सही किसिमले छानबिन भएर दोषीमाथि कारबाही हुन सक्यो भने भ्रष्टाचार एवम् राष्ट्रघातसँग सम्बन्धित अन्य फाइलहरूसमेत खुल्दै जानेछन् । त्यसो भएमा अहिलेका शासकहरूसमेत कारबाहीको दायरामा पर्न सक्छन् ।*

अग्रलेख



● प्रा. कृष्ण बेलबासे

यतिबेला नेपाली समाजमा भ्रष्टाचारको चरमरूप प्रकट भएको छ । यो कुन अर्थमा भने अहिले प्रकट भ्रष्टाचारको प्रकरणले नेपाललाई विश्वस्तरमै आशंका र बदनामीको पात्र बनाएको छ । हुनत देशमा राजनीतिक परिवर्तनको नाममा विदेशीको उक्साहट र बलमा स्थापित कथित प्रजातान्त्रिक एवम् गणतान्त्रिक व्यवस्थामा भ्रष्टाचार गर्नुलाई क्षमता र दक्षताको रूपमा हेर्ने गरिएको छ । जसले गर्दा बिगत ३३ वर्षदेखि भ्रष्टाचारमा संलग्न हुँदै गरेकाहरु आफुले देशमा राजनीतिक परिवर्तनका निम्ति निकै लगानी गरेकोले भ्रष्टाचार गर्नु आफ्नो अधिकार हो भन्ने सोंचयुक्त रहेका छन् । उनीहरुले आफुले गरेको भ्रष्टाचारको कुरा प्रकट हुँदा लाज मान्नुको सट्टा त्यसको बिरोध गर्नेहरुलाई प्रतिगामीको आरोपसमेत लगाउने गर्दछन् । त्यसै मान्यताका आधारमा राष्ट्रिय स्तरमा उठेका विवादहरुलाई सत्तासीन र प्रतिपक्षी दुवै दलहरुबीचको सहमतिमा पाखा लगाउने कार्य हुँदै आएको छ । यस किसिमको परिवेशमा भ्रष्टाचारीहरुको विरुद्ध आवाज उठाउनेहरुले आफैलाई असुक्षित ठान्नुपर्ने हुन्छ । राज्यका महत्वपूर्ण नियुक्तिका लागि भ्रष्टाचारीहरुले स्थान पाउँछन् । त्यसैले यहाँ भ्रष्टाचार एवम् भ्रष्टाचारीको बिरोध गर्नु भनेको बेफ्वाँकको कुरा हुने गर्दछ । यो कुरा बुझ्न उल्लेखित र त्यस्तै अन्य पदहरुमा पटक-पटक नियुक्त भएका व्यक्तिहरुको हैसियत, तिनको नियुक्ति प्रक्रिया, कार्यपद्धति र जीवनशैलिमा आएको परिवर्तनलाई हेर्नु पर्याप्त हुनजान्छ ।

यसरी यत्रतत्र सर्वत्र लुटवादीहरुको साँठगाँठ र लुटको श्रृंखला कायम हुन पुगेकोले सो कार्य गर्नेले आफुलाई सक्षम र सफल ठान्दछ । त्यसैले गर्दा नेपाली जनहरु माझ असहज स्थिति सिर्जना हुन पुगेको छ । तर, त्यसको बिरोध गर्नेहरुको संख्या निकै कम रहेको पाइन्छ । बरु उल्टै दलका दलाल बनेर जिविकोपार्जनमा लागेकाहरुको जमातले भ्रष्टाचारीहरु मध्येको पात्र आफ्नो राजनीतिक दलको नेता/अगुवा/सहकर्मी भए ऊ निर्दोष एवम् स्वच्छ, तर अर्को दलको भए दोषी एवम् अपराधि भएको टिप्पणी गर्न पछि पर्दैनन् । अर्कोतिर, भ्रष्टाचारको छानबिन, सोसम्बन्धी कारबाही अघि बढाउने र सो विषयमा न्याय सम्पादन गर्ने निकायहरु समेत निष्क्रिय एवम् पक्षपाति हुने गरेका छन् । फलतः केही अपवादलाई छाडेर भ्रष्टाचारीहरु सदैव खतरामुक्त रहँदै आएका छन् । यद्यपि, अझैपनि सोही प्रवृत्ति कै निरन्तरता छ । तापनि यतिबेला भ्रष्टाचारसँग मात्र सम्बन्धित नभएर राष्ट्र एवम् जनहित बिरोधी कार्य (धन कमाउने उद्देश्यले नेपाली नागरिकलाई भूटानी शरणार्थीको रूपमा विदेश पठाउने)सँग सम्बन्धित मुद्दालाई कारबाहीको प्रक्रियामा ल्याउन सरकार लागि परेको छ । यस सिलसिलामा सरकारले केही व्यक्तिहरुलाई पक्राऊ गरी छानबिन प्रक्रियालाई अघि बढाएको छ । जुन कुरा सतहीरूपमा सकारात्मक लागेतापनि अनौठो रहेको पाइन्छ । अनौठो कुन अर्थमा भने मानिसहरु एकातर्फ भ्रष्टाचारी एवम् राष्ट्रद्रोहीहरु माथि कारबाही प्रारम्भ गरेर सरकारले असल कार्य गर्‍यो भन्ने सोंचाईमा छन् भने अर्कातर्फ के सरकारले यो प्रक्रियालाई अन्त्यसम्म पुर्‍याउला त ? वा यो कार्य कुनै विदेशी शक्ति/तत्वको योजनामा थालिएको र यसले अन्य कुनै गलत परिणामहरु त दिने होइन ? भन्ने बारेमा आशंकित हुन पुगेका छन् ।

नेपाली नागरिकहरुलाई भूटानी शरणार्थीको रूपमा विदेश पठाउने कार्यको पछाडि मन्त्री (प्रधानमन्त्रीसमेत) एवम् तिनका परिवारका सदस्यहरु, सचिव (नीजि सचिव र सल्लाहकारसमेत) र बिचौलिया एवम् दलालहरुको भूमिका रहेको कुरामा कुनै अस्पष्टता रहेको पाइँदैन । त्यसैले यस किसिमको दुष्कर्मको प्रायोजक र त्यसलाई सघाउनेहरु जोसुकै



*मानिसहरू एकातर्फ भ्रष्टाचारी एवम् राष्ट्रद्रोहीहरूमाथि कारबाही प्रारम्भ गरेर सरकारले असल कार्य गर्‍यो भन्ने सोचाइमा छन् भने अर्कोतर्फ के सरकारले यो प्रक्रियालाई अन्त्यसम्म पुर्‍याउला त ? वा यो कार्य कुनै विदेशी शक्ति/तत्वको योजनामा थालिएको र यसले अन्य कुनै गलत परिणामहरू त दिने होइन ? भन्ने बारेमा आशंकित हुन पुगेका छन् ।*

रहेका भएतापनि तिनलाई कारबाहीको दायरामा ल्याएर दोषी ठहरिएमा उचित सजायको माग गर्ने जो कसैको अभिव्यक्तिलाई अन्यथा मान्न मिल्दैन । तर, यहिँनेर प्रश्न उठ्न सक्छ, के यो कार्यका दोषी यसका प्रायोजक र त्यसलाई सघाउनेहरु मात्र हुन् वा आफु भूटानी शरणार्थी बनेर विदेश जान तयार हुने पात्रहरु समेत हुन् ? दोस्रो, हिजोसम्म भ्रष्टाचारमा खुल्लारूपमा संलग्न भएर कमाई गर्नेहरुलाई संरक्षण प्रदान गर्नेहरु नै कारबाहीको लागि तयार हुन सक्नुको पछाडि कुन शक्तिले काम गरेको होला ? तेस्रो, के अब कृत्रिम भूटानी शरणार्थी काण्डबारे सही छानबिन हुने र त्यसमा संलग्न भएकाहरु उपर निश्चितरूपमा कारबाही होला ? निश्चय पनि कृत्रिमरूपमा भूटानी शरणार्थी बनेर विदेश जाने र जान तयार हुनेहरु समेत यस कुरोमा दोषी छन् । कारण, यस किसिमको गतिविधिबाट नेपालको अन्तर्राष्ट्रिय छवि उपर अपमान हुने भएकोले यो राष्ट्रहित प्रतिकुल काम हो । तर, यस कुराको मुख्य दोषी राजनीतिक परिवर्तनको नाममा देशका उद्योग धन्दाहरुलाई समाप्त पारेर बेरोजगारी निम्त्याउने, एनजिओ/आईएनजिओहरुको पिछलग्गू बनेर विदेशी दलालीलाई प्राथमिकता दिने अनि जनयुद्धको नाममा देशको कृषि व्यवसायलाई ध्वस्त गरेर गाउँलाई जनसंख्याबिहीन तुल्याउने कांग्रेस, एमाले, माओवादी तिन ब्राण्डका दलहरु हुन् ।

जहाँसम्म हिजोका भ्रष्टाचारी एवम् राष्ट्रघाति घटनाहरुलाई सामसुम पारेर अपराधिलाई जोगाउनेहरु मध्येकै मान्छेहरु अहिले कसरी कारबाहीका निम्ति सक्रिय देखिए त भन्ने कुरा छ, यो नै यतिबेलाको सोंचनीय विषय बनेको छ । यसबारेमा मनन गर्दा के कुरामा पनि ध्यान दिनु आवश्यक छ भने यदि केही गरी अहिलेको घटनामा सही किसिमले छानबिन भएर दोषीमाथि कारबाही हुनसक्यो भने भ्रष्टाचार एवम् राष्ट्रघातसँग सम्बन्धित अन्य फाइलहरु समेत खुल्दै जानेछन् । त्यसो भइदिएमा अहिलेका शासकहरु समेत कारबाहीको दायरामा पर्नेछन् । यहिँनेर हिजो आफ्ना फाइलसमेत गुमसुम पार्नेहरु अहिलेको मुद्दामा छानबिन र कारबाही प्रारम्भ गर्न कसरी तयार हुन सके ? र के तिनीहरुले भोलि आफुविरुद्ध हुने कारबाहीलाई निर्भिकतापूर्वक सामना गर्न सक्लान् त ? भन्ने जिज्ञासाहरु तर्फ ध्यान केन्द्रित गर्दा वर्तमान नेतृत्वसँग यी दुवै कुरालाई अघि बढाउने आँट, नैतिकता र इमानदारिता छैन भन्ने प्रष्टरूपमा देखिन्छ ।

यो कुरालाई तिनको बिगत क्रियाकलापले मात्र नभएर यतिबेलै केही व्यक्तिलाई जोगाउने र कोही आफै जोगिने हेतुले भइरहेका कर्तुतहरुप्रतिको उदारताले देखाउँछ । यसर्थ, यतिबेलाको कार्यलाई सिथिल तुल्याउने प्रयत्न नै प्रभावकारी हुने देखिन आउँछ । त्यसैले या त अहिले प्रारम्भ भएको प्रक्रियालाई निस्तेज तुल्याउने, त्यसमा केही गर्नु परिहाले सिमित मान्छेलाई बलिको बोका जस्तो बनाएर अरुलाई जोगाउने र जनस्तरबाट माग भइरहेका अन्य फाइलहरु नखोल्ने कुरालाई प्रधानता दिइने कुरा निश्चित प्रायः छ । यसरी यतिबेलाको घटना भ्रष्टाचारविरुद्धको पहलकदमी नभएर अन्य कुनै उद्देश्यपूर्तिका लागि प्रचारमा आएको कुरा त होइन प्रश्न उठ्छ । यद्यपि यस विषयमा संसदका नयाँ भनिने समूहहरुद्वारा समेत जनआकांक्षा अनुरूप अडान लिएको जस्तो देखिन्छ । तर, तिनको भूमिकाबारे प्रष्ट हुन केही समय पर्खनु र हेर्नुपर्ने हुन्छ ।

जहाँसम्म अहिलेको घटनाले के गति लेला त ? भन्ने कुरा छ, यो अरु केही नभएर एमसीसी कार्यान्वयनको नाममा देशमा अमेरिकी हस्तक्षेपलाई भित्र्याउने योजनाको अंश हो । जसरी हिजो सर्वोच्च अदालतको गरिमालाई मेटाउँदै गठबन्धन सरकारको तर्जुमा र एमसीसी पारित जस्ता नाङ्गा घटनाहरु भएका थिए, अब पनि अमेरिकी दवाब र योजनामा भ्रष्टाचारको विषयलाई पाखा लगाएर देशमा अमेरिकी हस्तक्षेपलाई निम्त्याउने कार्य हुने सम्भावना देखिन्छ । तत्रूपमा वर्तमान सरकारलाई भ्रष्टाचार उन्मूलनसँग कुनै चासो छैन भन्ने कुरा त भ्रष्टाचारसम्बन्धी विषयमा कारबाहीको म्याद पाँच वर्ष कायम गर्नेगरी कानून तर्जुमाका निम्ति हुन लागेको कुप्रयासले नै देखाउँछ ।

यसरी भूटानी शरणार्थीसम्बन्धि विवादको उठान र समाधान दुवै विदेशी योजनाअनुसार भइरहेको/हुने भएकोले यसको सम्बन्ध नेपालको स्वाधिनतासँग जोडिन पुगेको कुरामा कुनै शंका छैन । त्यसैले अब नेपालीहरुले हाल मञ्चन भइरहेको नाटकलाई हेरेर रमाउने वा यथार्थबारे भ्रमित हुने होइन, मुलुकको स्वाधिनताको बारेमा बढी सरोकार राख्नु र आवश्यक परे बलिदान दिन तयार रहनुपर्ने देखिन्छ । अन्यथा 'आगे चेतो चेता नही, पिछे चेतो होता नही' भन्ने हिन्दी उखानको सार्थकता प्रमाणित भएको देखिनेछ ।

## सामाजिक सञ्जाल



- नवराज पन्त

भारतले नोटबन्दी गरेपछि लुकाएको पैसा बैंकमा आयो, त्यसले लगानी प्रवाह बढायो, ऋण प्रवाह बढ्यो, ब्याजदरमा स्थिरता आयो, प्रतिव्यक्ति आय ह्वात्तै बढ्यो, भारत धनी हुने लक्षण देखियो, मोदिकालमै दुई पटक नोटबन्दी हुनु ठूलो कुरा हो । नेपालमा यस्तो नोटबन्दी गर्ने नेतै जन्मेन ।



- मुमाराम खनाल

राष्ट्रपति, प्रधानमन्त्री र मन्त्री बनेपछि आफ्ना छोराछोरी/भाईभतिजा/बहिनी ज्वाइँ जस्ता आफन्तलाई कार्यालयमा सचिव र सहयोगी बनाएर राख्ने कुरा भ्रष्टाचार गर्नकै लागि हो । धेरै नेताका सन्तान भ्रष्टाचारका मतियार बनेको नजीर हेर्दा सबैभन्दा पहिले प्रधानमन्त्री प्रचण्डले कार्यालयबाट आफ्नी छोरी हटाउन् ।



- राधाकृष्ण कटवाल

बाघ भोकै मर्छ, घाँस खाँदैन, म्याउँ गर्दैन ! केपी शर्मा ओलीको भनाई सत प्रतिशत सही हो तर, भ्रष्टाचारी, ठग र चोरहरूले पनि 'म' भ्रष्टाचारी हुँ, ठग हुँ, चोर हुँ भनेर कसैले भन्दैनन् । अर्को 'केटी'हरू रोएर जित्न र प्रमाण नष्ट गर्न खोज्छन् भने कमाउनिष्ट नेता धेरै बोलेर, चिच्याएर, भाषण गरेर ! फरक यति हो ।



- हरिकृष्ण शाक्य

भुटानी शरणार्थी प्रकरणले नेपालको शासन प्रणालीभित्र कति निम्न स्तरको सोच र विचार भएकाहरुको प्रवेश भएका रहेछन्, त्यो उजागर भएको छ । संस्कार बिहीन मानिसहरु सत्तामा पुगेपछि हुने गर्ने यही हो । दरिद्री संस्कार हो । संस्कार र संस्कृतिमा के फरक छ ? संस्कारले व्यक्ति धनी हुने, संस्कृतिले समाजको उत्थान हुने हुन्छ ।

# लुकाइएका घटना

ब्लग



● मेघराज भट्टराई

*नेपालको इतिहासमा थुप्रै हत्याकाण्डहरू दर्ज भएर बसेका छन् । तर ति हत्याकाण्डको खोजी कहिल्यै हुन सकेन । जनतामाझ सधैं प्रश्न रह्यो, तर जवाफ कतैबाट आएन । अझै यस्ता काण्डहरू कति हुने हुन्, त्रास लागिरहन्छ ।*

बेला-बेलामा नेपालका राजनीतिक पार्टीका नेता जो मन्त्री भएका र सोही पदमा आसिन भएका व्यक्तिहरुको अभिव्यक्ति आउने गर्दछ- हामी केवल 'पपेट' मात्र रहेछौं । यो अभिव्यक्ती पहिले पनि आएका थिए र आज पनि आएको छ । हालै नेपाल सरकारका पर्यटन मन्त्री सुदन किराँतीले बोलेका छन् । उनी जनजातीको छोरा भएर पनि होला अलिकति हिम्मत गरेर सार्वजनिक ठाउँमा बोल्ने आँट गरेका छन् ।

गाइँगुइँ कुरा चल्ने गर्दछ- राजा महेन्द्र कालगतिले मरेका होइनन् । उनी मारिएको कारणबारे स्पष्ट तथ्य कसैसँग छैन । मदन भण्डारी र जीवराज आश्रितको हत्याको पछाडि को थियो कोही भन्न चाहँदैन । यो घटना भएको पनि आज ३० वर्ष भएछ । जापानी टोयोटा गाडी, अटोलक सिटबेल्ट बाँधेको मान्छे गाडीभन्दा २८ किलोमिटर टाढा कसरी पुग्यो ? शरीरमा कुनै घाऊ नदेखिनु, फोक्सोमा पानी नहुनु यो दुर्घटना त हुँदै होइन । यदी यो गाडी दुर्घटना भएर त्रिशुलीमा खसेको भए पानीमा डुबेर मृत्यु हुने कुरा मान्न सकिन्छ । जब पानीमा डुबेर मृत्यु हुन्छ फोक्सोमा पानी भरिन्छ । यो विज्ञानको नियम पनि हो अक्सिजन लिन नसकेर पानी श्वास नलीमार्फत फोक्सोमा भरिएर मानिसको मृत्यु हुने गर्दछ । तर, पोस्टमार्टम रिपोर्टअनुसार मदन भण्डारीको फोक्सोमा पानी थिएन । घटना दुर्घटना नभई हत्या भएकै अनुमान लगाउन गाह्रो छैन ।

यत्रो हत्या भयो । उनकी श्रीमती विद्यादेवी भण्डारी यहाँ दुई कार्यकाल राष्ट्रपति भइन् । स्वयम् एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली प्रधानमन्त्री भए, उनीहरुले रक्षा मन्त्रालय गृह मन्त्रालय आफ्नै हातमा राखे । तर, तीन दशकसम्म यो हत्याको छानबिन किन गर्न सकेनन् ? किन गरिएन ? यो हत्या कसले कुन स्वार्थको लागि गरेको थियो ? जब कि उनकै नामबाट देशको सर्वोच्च पदमा पुगेर पनि यो रहस्यको पर्दा उघ्रिन किन सकेन ? जिवित सबुत प्रमाण अमर लामा थिए, उनको पनि २०६० सालमा हत्या किन र कसले गरायो ?

यस्तै, रहस्यमय घटना हो दरबार हत्याकाण्ड । जहाँ एक पटकमा १२ सय जना सेनाले नारायणहिटी दरबार परिसरभित्र डिउटीमा तैनाथ गरिन्थ्यो । यस्तो सेनाले घेरेको ठाउँमा कसरी, कसले, कुन स्वार्थको लागि विरेन्द्रको वंश नाश गर्‍यो ? यत्रो नरसंहार हुँदासम्म यहाँको सेनाले के हेरेर बस्यो ? आफ्नो प्रमाधिपतिको हत्या हुँदासम्म सेनाले किन फाएर खोलेन ? यति नजिकको टिचिङ्ग हस्पिटलमा नलगेर आर्मी हस्पिटलमा किन लगियो ? यति ठूलो घटना घट्यो नेपालका सञ्चार माध्यमबाट कुनै सूचना किन आएन ? भारतीय रेडियो दुरसञ्चारबाट मध्यरातमा शाही परिवारको हत्याको खबर फैलियो कसरी ? यो देशको प्रधानमन्त्रीलाई कुनै जानकारी नै छैन । सेना प्रमुखले भन्छ-दरबारको सुरक्षा नेपाली सेनाको होइन । २०५८ साल जेठ १९ गतेको दरबार हत्या काण्डको पनि २२ वर्ष हुन लाग्यो । दीपेन्द्र शाहको नाममा सम्पूर्ण हत्याको जिम्मेवारी थोपरेर तत्कालिन सेनापतीदेखि राज्यका सम्पूर्ण अङ्गले आफुलाई बचाउ गरे । आज पनि यो घटना रहस्यमय बनेर प्रत्येक नेपालीलाई सताइरहेको छ ।

राष्ट्रको प्रमुखको सम्पूर्ण परिवार मारिँदासम्म छानबिन हुन सक्दैन । खाली कर्मकाण्डी खेल गरेर पैसा हजम गर्ने विदेशीका पपेट मात्र भए, यो देशका राज्य सत्तामा बसेका राजनीतिक नेताहरु । शुशिल कोइरालाको पनि मृत्यु रहस्यमय नै छ । नेपालमा संविधानका बुँदामा कुनै अमुक देशको मुद्दा नराखेको कारण हत्या भएको कुरा बजारमा हुने गरेको थियो । उहाँको टाउकोमा चोट थियो भनिन्छ । तर, अस्पताल लगिएन किन ?

यहाँ साधारण नागरिकको कुरा त गरी साध्य नै छैन । जमिम शाहलाई कसले मार्‍यो ? आज पनि राज्यले भन्न सकेको छैन । मिर्जा दिलशाद बेगको हत्याको पनि रहस्य खुलेको छैन । यो राष्ट्रको लागि जसले राम्रो सोंचेर काम गर्न थाल्छ, उसको हत्या निश्चित छ । हालै डा. अमरेश कुमार सिंहले नेपालका विभिन्न टेलिभिजन अन्तवार्तामार्फत मेरो हत्या हुनसक्छ भनेका छन् । उनको हत्या कुन शक्तिले गर्ला ? उनले बोलेका कुरा राष्ट्रको पक्षमा छन् भने नेपाली जनताले उनको हत्या गर्दैनन् । भनेपछि उनको ईशारा कता ?

यो देशमा अरु कति देशभक्त नागरिकहरुले आफ्नो प्राणको आहुती दिनुपर्ने हो ? हामी कसको पपेट रहेछौं ? मन्त्री सुदन किराँतीले भनेको कुरा रहस्यमय छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नाता-गोता सित भेटघाट हुनेछ । वाणी संयम राख्नुहोला । |
| वृष | : | पुरानो कार्य बन्नेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| मिथुन | : | रुकावटहरु समाप्त हुनेछन् । धार्मिक कार्यमा रुची बढ्नेछ । |
| कर्कट | : | मुद्दासम्बन्धी समस्याको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | मांगलिक कार्य हुने योग छ । आयमा वृद्धि हुनेछ । |
| कन्या | : | पराकममा वृद्धिको योग छ । राजनैतिक कार्य सफल हुनेछ । |
| तुला | : | साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । वाणी संयम जरुरी छ । |
| वृश्चिक | : | जोखिम भएको कार्यमा लाभ हुँदैन । वाहन सावधानी राख्नुहोला । |
| धनु | : | खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । विरोधी असफल हुनेछन् । |
| मकर | : | विधार्थीहरुको लागि राम्रो समय छ । नौलो कार्य सफल हुनेछ । |
| कुम्भ | : | सम्मानमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| मीन | : | नकारात्मक कुराले अशान्ति पैदा हुनेछ । आयमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

डोल्पा डायरी
पूर्ण सार्की/मध्यान्ह

# यार्सागुम्बा : डोल्पावासीको वर्षभरिको खर्च जोहो गर्ने जडीबुटी



बहुमूल्य जडीबुटी यार्सागुम्बा टिप्न यतिबेला डोल्पाका सम्पूर्ण यार्सा पाटनहरुमा भीड लागेको छ। पैसा कमाएर वर्षभरिको गर्जो टार्ने योजनासहित डोल्पावासीसँगै बाहिरी जिल्लाका मानिसहरु ज्यानकै जोखिम मोलेर यार्सा टिप्न पाटन पुग्ने गर्छन् । डोल्पावासीको आम्दानीको मुख्य स्रोत नै यार्सा भएका कारण उनीहरु वर्सेनी यार्सा टिप्न पाटन जाने गर्छन् ।

विगतका केही वर्ष कोरोना महामारीका कारण बन्द गरिएको यार्सा पाटन यो वर्ष भने खुला गरिएको छ। पाटन खुला भएसँगै डोल्पासहित बाहिरी जिल्लाका बासिन्दाहरु यतिबेला यार्सा टिप्न पाटनमा व्यस्त छन् ।

क्षेत्रफलको हिसाबले नेपालकै सबैभन्दा ठूलो जिल्ला डोल्पाका स्थानीय अग्ला पहाड, हिमाल चढेर यार्सा टिप्न पाटन पुग्छन् । यार्सा समुद्री सतहबाट ३ हजार ६ सय ५० मिटरको उचाइमा पाइन्छ ।

वर्षभरि खान पुग्ने खेतीयोग्य जमिन नहुँदा डोल्पावासी हरेक वर्ष यार्सागुम्बाकै भरमा जीवन गुजारा चलाउन बाध्य छन् । यस क्षेत्रमा आलु, मकै, फापर, कोदो, सिमी, धान उत्पादन हुने भएपनि वर्षमा तीन-चार महिना मात्र खान पुग्छ । यही बाध्यताका कारण जीवन नै जोखिममा राखेर यार्सा टिप्न जाने गरेको त्रिपुरासुन्दरी नगरपालिका १ का गंगे सार्की बताउँछन् । उनी भन्छन्, 'दश वर्षदेखि यार्सा टिप्दै आएको छु, यार्सा बाघको मुखबाट खोसेसरह हुन्छ। जीवन नै जोखिममा राखेर यार्सा टिप्न जान्छौं ।'

त्रिपुरासुन्दरी १ त्रिपुराकोट सार्की टोलका ओमलाल सार्की पनि १४ वर्षको उमेरदेखि नै यार्सा टिप्न जान थालेका हुन् । यार्सा टिप्न भन्दा पनि यार्सा पाटन पुग्न कठिन हुने उनी बताउँछन् ।

दुधे बालकलाई समेत लिएर ५० वर्ष उमेरसम्मका नागरिक यार्सा टिप्न जाने गरेको त्रिपुरासुन्दरी १ का वडा अध्यक्ष रामचन्द्र कूलालले बताए । उनका अनुसार एक महिना यार्सा टिपेर वर्षभरिलाई खर्च जुटाउँछन् यार्सा संकलकहरु ।

यार्सा बेचेर यहाँका स्थानीयले घरपरिवारको स्वास्थ्यदेखि लुगाफाटो, नुनतेलको जोहो गर्ने गरेका छन् । तर यार्सा टिप्न जाँदा निकै जोखिम मोल्नुपर्ने हुन्छ। यार्सा टिप्न जाँदा नै कयौंले आफ्नो ज्यान गुमाइसकेका छन्। पाटनमा जतिमाथि गयो त्यति नै अक्सिजन कम हुँदै जान्छ । अक्सिजनको कमीले सास फेर्न कठिन हुने, टाउको दुख्ने, उल्टी हुनेजस्ता समस्या देखा पर्छन् । जसका कारण केहीले आफ्नो ज्यान पनि गुमाउँछन् ।

डोल्पाका प्रत्येक घरबाट तीन-चार जना यार्सा टिप्न पाटन जाने गरेका छन् । यार्सा टिपेर फर्किंदा बीच बाटोमै यार्सा लुटिने घटना पनि भएका छन् ।

डोल्पाका घोप्का, सागबारी, डोप्का, कागमारा, कुनास, प्यारीघोप्का, सागर, कागमारा, ग्यालबारा, माटे, भाङका, रुपपाटनसहित दर्जनौंभन्दा बढी यार्सापाटन क्षेत्रमा यार्सा पाइन्छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र डिभिजन वनले यार्सा पाटनमा प्रवेश शुल्कबापत यार्सा संकलकबाट शुल्क उठाउँछ। यार्सा संकलन गरेबापत प्रतिकेजी ३० देखि ३५ हजारसम्म राजस्व लाग्छ। यार्सा संकलकले एउटा यार्सा पाँच सयदेखि १५ सय रुपैयाँसम्म बिक्री गर्ने गरेका छन् भने संकलित यार्सा डोल्पादेखि चीनसहितका विभिन्न राष्ट्रमा बिक्री हुने गरेको छ ।

# डोल्पामा विद्युत सर्ट हुँदा आगलागी

हिमाली जिल्ला डोल्पाको सदरमुकाम दुनै बजारमा रहेको एक जस्ताको टहरामा आगलागी भएको छ ।

ठुलीभेरी नगरपालिका २ लोचा स्थायी घरभई हाल दुनै बजार खेलकुद मैदान नजिक बस्दै आएका मन्जीत भण्डारीको टहरामा आगलागी भएको हो ।

मंगलबार दिउँसो करिब साढे २ घरमा कोहि नभएको समयमा आगलागी भएको थियो। आगलागी भएको आधा घण्टापछि मात्र नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले आगो नियन्त्रण गरेका थिए। उक्त आगलागीबाट टहरामा रहेका लत्ताकपडा, खाद्यान्न सामग्री जलेर नष्ट भएको छ । घरमा मन्जीत भण्डारीका दुई छोरा बस्दै आएका थिए । आगलागीबाट करिब २ लाख बराबरको क्षति भएको अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ।

# एक लाख बढीको अवैध कपडा नियन्त्रणमा



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ९ जेठ

नवलपरासीमा करिब एक लाख १० हजार ५ सय ६० रूपैयाँ बराबरको अवैध कपडा प्रहरीले नियन्त्रणमा लिएको छ ।

मंगलबार बिहान प्रतापपुर गाउँपालिका वडा नं. ७ जगनाथपुरबाट अवैधरुपमा भन्सार छली गरी भारतबाट नेपालतर्फ मोटरसाइकलमा ल्याउँदै गरेको बच्चाको सेन्डो भेष्ट ७ सय ८ थान, साडी १६ थान, कुर्ता सुरुवाल ५ थान, थान कपडा ३ थान र पानी तान्ने नल ४ वटा प्रहरी चौकी बसहियाबाट प्रहरी नायव निरीक्षक बासुदेव ओलीको कमाण्डमा खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

प्रहरी टोलीलाई देखेपछि उक्त सामान सोही स्थानमा छाडेर मानिस मोटरसाइकल लिएर फरार भएको प्रहरीले बताएको छ । नियन्त्रणमा लिइएको सामान आवश्यक कारबाहीका लागि महेशपुर भन्सार कार्यालयमा पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# आगामी बजेटमा सुदूरपश्चिमलाई प्राथमिकतामा राख्न आग्रह

**काठमाडौं/मस**–सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको टोलीले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठलाई भेटेको छ। सुदूरपश्चिम प्रदेशका सभामुख भिमबहादुर भण्डारी तथा प्रमुख प्रतिपक्षी दलका नेतासमेत रहेका निवर्तमान मुख्यमन्त्री साथै कृषि बाहेकका सबै मन्त्रीहरुसहित मुख्यमन्त्री शाहले आयोगका उपाध्यक्ष श्रेष्ठलाई भेटेका हुन् ।

भेटमा मुख्यमन्त्री शाहले आगामी आर्थिक वर्षको बजेटमा सुदूरपश्चिम प्रदेशलाई विशेष प्राथमकितामा राख्न अनुरोध गरेका छन् । अथाह सम्भावनाहरु भएर पनि सुदूरपश्चिम पछाडि परेको भन्दै उनले आयोगको ध्यानाकर्षण गराए ।

भेटमा आयोगका उपाध्यक्ष डा. श्रेष्ठले बजेट माग्न सिंहदरबार धाउनुपर्ने बाध्यता अब हटेको बताए । सुदूरपश्चिमलाई सरकारले ल्याएको नीति तथा कार्यक्रमले राम्रै समेटेको भन्दै बजेटले पनि राम्रै स्थान दिनेमा ढुक्क रहन उनले सुझाव दिए ।

'सिंहदरबारबाट सुदूरपश्चिम र कर्णालीका योजना बनाएर हुँदैन भनेर नै संघीयता आएको हो,' उनले भने, 'त्यो कुरा हामी सबैले बुझ्नुपर्‍यो, सुदूर र कर्णालीका योजना सुदूर र कर्णालीले नै बनाउने हो ।'


## मलेसियामा रोजगारको अवसर

कम्पनी: LSK MATTRESSWORLD SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ | चलानी नं.: ६०१९५१३८ | LT. No.: 279619 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 23 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: CHUAN CHUAN POULTRY FARM — शहर : SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०७/२४ | चलानी नं.: ६०१९०९७४ | LT. No.: 275100

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

H.R. International Employment Services Pvt. Ltd.
(SCM MANPOWER COMPANY PVT. LTD.)
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी : CHUAN SIN SDN BHD — शहर: SHAH ALAM
पुर्व स्वीकृत मितिः२०७९/०५/२१ | चलानी नं.: ६०१८७०४७ | LT. No.: 270893 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

WIN RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १३८३/०७४/०७५
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386.
Mobile No.: 9801112250/9801112262/9801112267

## Romania (Europe) मा रोजगार

१. कम्पनी : DYNAMIS DR. TEAM SRL — शहर: ROMANIA
पूर्व स्वीकृत मितिः २०८०/०१/१४ | चलानी नं.: ६०२००७७६ | LT. No.:285368 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Boy | 100 | 0 | स. काममा दक्ष | 600 | ७९,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीमा गएका कामदारहरूले १००० डलर भन्दा माथी कमाई गरिरहेका छन् ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १३ गते (27 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

एशोसिएट्स वेलकम इन्टरनेशनल प्रा. लि.
सामाखुसी, , काठमाडौं, फोन: ०१-५९०६५०८, पूर्णिमा न्यौपाने: ९८५११५९३७१
अफिस: ९८०१०९२८७१ E-mail : hrwelcomeintl@gmail.com
श्रम इजाजत पत्र नं.: १०२२/०६८/०६९

## मलेसियामा रोजगार

कम्पनी : QUALITY HERO CORPORATION SDN BHD — शहर: Malaysia, SELANGOR
पुर्व स्वीकृत मितिः २०८०/०२/०९ | चलानी नं.: ६०२०१८७२ | L.T. No.: 286479

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 60 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : MODAGRI SDN BHD — शहर: Malaysia,,PERAK
पुर्व स्वीकृत मितिः २०८०/०२/०९ | चलानी नं.: ६०२०१८७६ | L.T. No.: 286480

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 24 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

PEOPLE HRS PVT. LTD.
Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

## Valtrans

VALTRANS
कम्पनी: Valtrans Transportation Systems & Services LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०७७ | L.T. No.: 270227 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver ( Signal Operator) | 235 | 0 | स. काममा दक्ष | 1350 | ४८,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

R.B. OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043 |
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com

## CYPRUS मा रोजगारको अवसर

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. — शहर: CYPRUS
पूर्व स्वीकृत मितिः २०७९/११/१२ | चलानी नं.: ६०१९८७३६ | LT. No.: 283367 | पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 500 | ७१५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८७५७७ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | ११४४८० | | | | | | | |
| 4. | Domestic Worker | 0 | 5 | | 315 | ४५०७६ | | | | | | | |
| 5. | Waiters/waitresses | 2 | 4 | | 787 | ११२६१९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनी: GREEN PALACE GENERAL TRADING & CONTRACTING CO — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ | चलानी नं.: ६०२०१८९३ | LT. No.: 268814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary (Labour/worker/cleaner) | 330 | 28 | स. काममा दक्ष | 90 | ३८,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Reva Overseas Pvt. Ltd.
Govt Lic. NO. 1070/073/074
Sinamangal -9, Kathmandu, Phone : 4591430
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np

## UAE मा रोजगार

कम्पनी: ABU DHABI BERKELEY SERVICES LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/०८/२७ | चलानी नं.: ६०१७०३३७ | LT. NO.: 253758 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 23 | 25 | स. काममा दक्ष | 800 | २८,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01-4987991 | 01-4987992 | 01-4954106
Mobile: 9801033972 | 980103373 | 9851164152 | 9801090365 | 9801033970
Email:-siwakoti806@gmail.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी: RJ PURNAMA FARM SDN BHD — शहर : PERAK
पूर्व स्वीकृत मितिः २०८०/०२/०५ | चलानी नं.: ६०२०१८६८ | L.T. No.: 286288

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIVESTOCK WORKER | 5 | 0 | स. काममा दक्ष | 1500 | ४३,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

